nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

29°C । वर्ष : ११, अंक : ०१ पृष्ठ ४ । सोमबार,०२ भदौ २०८२ । MONDAY, AUGUST 18, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## जनताको पक्षमा छैनन् ठूला दल : राजेन्द्र महतो

***बीरगन्ज,०१ भदौ ।***

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले मुलुकका प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र मधेशकेन्द्रित दलहरू जनताको हितमा नरहेको आरोप लगाएका छन् । शान्तिगर स्थित पार्टी कार्यालयमा जारी कार्यकारिणी समितिको बैठकमा समसामयिक राजनीतिक प्रस्ताव पेस गर्दै उनले ठूला दलहरूको भूमिका कमजोर भएको बताएका हुन् । महतोले आफ्नो प्रतिवेदनमा वर्तमान राजनीतिक अवस्थाको गहिरो समीक्षा गर्दै राष्ट्रिय स्वाधीनता र जनताको मुक्तिका लागि वैकल्पिक आन्दोलन आवश्यक भएको निष्कर्ष निकालेका



छन् । उनले नेपाली कांग्रेसलाई विगतमा लोकतान्त्रिक आन्दोलनमा भूमिका खेले पनि हाल दक्षिणपन्थी र दमनकारी शक्तिमा परिणत भएको आरोप लगाएका छन् । यस्तै, उनले एमालेलाई सत्तामा रहँदा निरंकुश प्रवृत्तिको अभ्यास गरेको र अहिले जनताबाट टाढिएको दलका रूपमा चित्रण गरेका छन् । एमाले नाममा

बाँकी तेश्रो पृष्ठमा⇨

## जगरनाथपुरमा ८ बिघा जग्गामा वृक्षारोपण

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०१ भदौ ।***

पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर १, टोल पिडारीमा करिब ८ बिघा खाली ऐलानी जग्गामा आइतबार वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । समृद्धिका लागि वन परियोजना अन्तर्गत आयोजना गरिएको कार्यक्रममा आँप, कटहर, जामुन, खयर लगायतका प्रजातिका विरुवा रोपिएको छ । कार्यक्रमको उद्घाटन पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री तथा पर्सा क्षेत्र नं. ४ का सांसद रमेश रिजाले गरेका थिए । गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवको अध्यक्षता तथा पूर्वमन्त्री



रिजालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्री, प्रदेश सभा सदस्य शंकर चौधरी, पर्सा प्रहरी उपरीक्षक गौतम मिश्र, नेपाली कांग्रेसका नेता रमेश पाण्डे लगायतका नेताहरूको सहभागिता रहेको थियो ।

## "सुबोध स्मृति पत्रकारिता पुरस्कार" बाट क्रान्ति शाह सम्मानित

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०१ भदौ ।***

स्व.सुबोध स्मृति पत्रकारीता पुरस्कार वीरगन्जका पत्रकार क्रान्ति शाहलाई प्रदान गरिएको छ । वीरगन्जका फोटो पत्रकार स्व. सुबोध सिंहको स्मृतिमा प्रतीक प्रकाशन समुहले स्थापना गरेको ५१ हजार रुपैयाँ राशीको पुरस्कार मधेस खबरका अध्यक्ष तथा अन्नपूर्णपोष्टका पर्सा संवाददाता शाहलाई प्रदान गरिएको हो । आइतबार आयोजित प्रतीक दैनिक पत्रिकाको ३९ औं वार्षिकोत्सव समारोहमा बीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले पत्रकार शाहलाई प्रमाणत्रसहित उक्त पुरस्कार प्रदान गरे । प्रतीक प्रकाशन समुहले आफ्नो स्थापना दिवसका अवसरमा हरेक वर्ष एक जना सकृय पत्रकारलाई उक्त पुरस्कार प्रदान गर्दै आएको छ । गत साउन १७ गते बसेको



बसेको प्रतीक प्रकाशन समुहको बैठकले यसवर्षको स्व. सुबोध स्मृति पत्रकारीता पुरस्कार शाहलाई दिने निर्णय गरेको थियो । यस्तै प्रतीक प्रकाशन समुहको वार्षिकोत्सव समारोहमा प्रतीक दैनिकको उत्कृष्ट संवाददाताका रुपमा प्रमोद यादवलाई पनि नगद १५ हजार रुपैयाँसहित सम्मानित गरिएको छ ।यादव, मधेस खबरका पनि पर्सा जिल्ला संवाददाता हुन् । यस्तै उत्कृष्ट स्तम्भकारका रुपमा नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष समेत रहेका ओमप्रकाश खनाललाई नगद १० हजार र स्व. चीरञ्जीवी कोइराला स्मृति पत्रकारिता पुरस्कारबाट युवा पत्रकार सूर्यनारायण विकलाई नगद

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्ज बालसुधार गृहमा ७ दिने मैनबत्ति सीपमूलक तालिम सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०१ भदौ ।***

सानोपाइला संस्थाको आयोजना तथा क्वेष्ट फर्माको आर्थिक सहयोगमा वीरगञ्जस्थित बालसुधार गृहमा सात दिने मैनबत्ति निर्माण सम्बन्धी सीपमूलक तालिम सम्पन्न भएको छ । तालिम प्रकाश प्रोजेक्टद्वारा सञ्चालन गरिएको थियो । तालिमको पहिलो चरणमा बालसुधार गृहमा रहेका १५ जना बालबालिकाहरू सहभागी भएका थिए । तालिमका दौरान सहभागी बालबालिकाले विभिन्न आकर्षक डिजाइनका सजावटी मैनबत्तिहरू बनाउनका लागि आवश्यक सीपहरू सिकेका थिए । तालिमको अन्त्यमा आज उनीहरूलाई प्रमाणपत्र वितरण गरिएको छ । तालिमको उद्देश्य बालबालिकालाई व्यावहारिक सीप



प्रदान गरी आत्मनिर्भर बनाउन र भविष्यमा उपयोगी हुन सक्ने सीप सिकाउनु रहेको आयोजकहरूले बताएका छन् । समारोहका प्रमुख अतिथि जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बालबालिकामा आत्मविश्वास बढाउने र जीवनमा अघि बढ्न प्रेरित गर्ने उद्देश्यले यस्तो तालिम आयोजना गरिएको बताए । उनले भने, "पहिलो चरणमा १५ जनाले मात्र तालिम लिएका छन्, तर आगामी दिनमा थप बालबालिकालाई पनि सहभागी गराइनेछ ।"तालिमका प्रशिक्षक

बाँकी तेश्रो पृष्ठमा⇨

## पत्रकारमाथि आक्रमण गर्ने वकिलमाथि कारबाहीको माग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०१ भदौ ।***

पत्रकारमाथि आक्रमणमा संलग्न वकिलहरूलाई कारबाहीको माग गर्दै पत्रकारहरूले आइतबार जनकपुरस्थित जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना दिएका छन् । बिहान ११ बजेदेखि सुरु भएको धर्नामा सहभागीहरूले "आक्रमणकारी वकिललाई कारबाही गर", "प्रेस स्वतन्त्रताको रक्षा गर", "पत्रकारलाई सुरक्षा देऊ" लेखिएका प्लेकार्ड बोकेर विरोध जनाएका थिए । नेपाल पत्रकार महासंघ धनुषा शाखाको अगुवाइमा प्रशासन कार्यालयको मूल गेटमै पत्रकार हरूले धर्ना दिएका हुन् । गत साउन २७ गते गुठी संस्थानबाट पत्रकार महासंघ मधेस प्रदेशले कानुनी प्रक्रिया पूरा गरी लिजमा लिएको ४ कट्ठा जग्गा संरक्षण गर्ने क्रममा नेपाल बार एसोसिएसन जनकपुरका पदाधिकारीसहितका वकिलहरूले पत्रकारमाथि आक्रमण गरेका थिए । घटनामा महासंघ प्रदेश अध्यक्ष श्याम बञ्जारा, उपाध्यक्ष ज्योती झा, महासचिव शैलेन्द्र



महतो 'क्रान्ति', पत्रकार दिवाकर राय र अनिल निराला घाइते भएका थिए । यस घटनामा संलग्न पाँच जना वकिलविरुद्ध साउन २८ गते नै जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिइए पनि हालसम्म उनीहरू पक्राउ नपरेको पत्रकार महासंघले जनाएको छ ।

## अस्पतालको सूचना दिने युवकमाथि निर्घात कुटपिट

रौतहट,०१ भदौ ।

प्रादेशिक अस्पताल गौरमा अश्लील हर्कत गर्ने डाक्टर र नर्सको बारेमा मेडिकल सुपरिटेन्डेन्ट, अस्पताल व्यवस्थापन समिति र प्रहरीलाई सूचना दिनेमाथि निर्घात कुटपिट भएको छ । अस्पतालका चिकित्सकलाई नै एक जना नर्ससँग आइसियुको अँध्यारो कक्षमा आपत्तिजनक अवस्थामा देखेका युवक सत्यम कुमार पाण्डे घटनाको विषयमा सम्बन्धित निकायमा जानकारी गराएकै निहुँमा निर्घात कुटिएका हुन् । चिकित्सकका सहयोगीहरुले उनलाई निर्घात कुटपिट गरेको पाण्डेको भनाइ । गत साउन २४ गते राति आइसियुमा चार दिनदेखि उपचार गराइरहेका बुबा अशोक कुमार पाण्डेलाई खाना खुवाउन गएका समय आइसियु कक्षको ढोका नखुलेको भन्दै निकै बेर कुरेपछि ढोका ढक्ढकाउँदा अँध्यारो कोठाबाट आपत्तिजनक स्थितिमा चिकित्सक र नर्स निस्केको देखेको पाण्डेको भनाइ छ । सोही समयमा चिकित्सकले कसैलाई बताए

बाँकी तेश्रो पृष्ठमा⇨

## बलात्कार आरोपमा धनुषाका वकिल पक्राउ

***जनकपुर,०१ भदौ ।***

सामूहिक बलात्कारको आरोपमा धनुषाका अधिवक्ता प्रमोद कुमार राय पक्राउ परेका छन् । उनलाई शुक्रबार काठमाडौंको तीनकुनेबाट नियन्त्रणमा लिएर शनिबार धनुषा ल्याइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । अधिवक्ता रायसहित तीन जनामाथि धनुषाकी एक महिलालाई सामूहिक बलात्कार गरेको आरोपमा गत साता इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा जाहेरी दर्ता भएको थियो । प्रहरीका अनुसार घटना २०८१ साल माघ १२ गते बिहानको हो । जाहेरीअनुसार कुहिरो लागेको बिहानको समयमा अधिवक्ता रायसहितको समूहले जबर्जस्ती करणी गरेको पीडितले उल्लेख गरेकी छन् । प्रारम्भमा

बाँकी तेश्रो पृष्ठमा⇨

## सहिदको बलिदान अमूल्य सम्पत्ति : मुख्यमन्त्री सिंह

***जनकपुर,०१ भदौ ।***

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले तेस्रो मधेस आन्दोलनका प्रथम सहिद राजीव राउतको सम्झनामा श्रद्धाञ्जली अर्पण गरेका छन् । सहादत दिवसको अवसरमा सामाजिक सञ्जालमार्फत सन्देश जारी गर्दै मुख्यमन्त्री सिंहले सहिद राउतसहित सम्पूर्ण सहिदप्रति उच्च सम्मान प्रकट गरेका छन् । उनले सहिदहरूले देखाएको बाटो र आदर्श अवलम्बन गर्दै मधेसका अधिकार, समानता र न्यायका लागि निरन्तर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री सिंहले भने, "मधेस आन्दोलनका क्रममा सहिदहरूले



दिएको बलिदान हाम्रो इतिहासको अमूल्य सम्पत्ति हो ।" ती वर्षको भदौ १ गते सप्तरीको भारदहमा पूर्व-पश्चिम राजमार्गमा प्रहरीको गोली लागेर राजीव राउत घटनास्थलमै निधन भएका थिए ।

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सहसम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### आयोजनालाई गति देऊ

नेपालमा विकास आयोजनाको अवस्था कस्तो छ ? जवाफका लागि कुनै एउटा राजमार्ग हेरे पुग्छ । एउटा राजमार्गमा सयौं ठाउँमा पुल बनाउने योजना बन्छ र अगाडि बढ्छ, तर वर्षौंसम्म आयोजना सम्पन्न हुँदैनन् । एकातिर पुल बन्दैछ भनेर नागरिकलाई आशा देखाइरहने र अर्कोतिर वर्षौंसम्म नबनाएर नागरिकलाई सास्ती दिने दोहोरो भूमिकाले नेपालको समग्र विकास नै प्रभावित तुल्याएको छ । आयोजना लम्ब्याएर बिचौलियाले आर्थिक लाभ दिने गरी नीति नै बदल्ने नेतृत्व शासन सत्तामा रहेको भनेरसमेत प्रश्न उठ्ने गरेको छ । यस्तो प्रवृत्तिले नागरिकमा समेत निराशा छ । यसको ज्वलन्त उदाहरण हो- पूर्वपश्चिम हुलाकी राजमार्गस्थित रौतहट-सर्लाही जोड्ने दुर्गा भगवती गाउँपालिकाको बडहरवामा बागमती नदीमा निर्माणाधीन पुल । जसको निर्माण सुरु भएको १६ वर्ष भयो । निकै तामझामका साथ शिलान्यास भएको पुल समयमा निर्माण नहुँदा स्थानीय जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । पुलहरू निर्माणको काम पनि जतासुकै अलपत्र छ । रौतहटकै गौर-ईशनाथ नगरपालिका जोड्ने बकिया पुल निर्माण सुस्त छ । गुजरा नगरपालिकाको लमहा नदी पुल २०७५ वैशाख २० गतेसम्म बनिसक्नुपर्ने थियो, तर अझैसम्म बनेको छैन । गैडाटारस्थित चाँदी नदीमा निर्माणाधीन पुल पनि समयमा निर्माण हुन सकेको छैन । कटहरिया-गरुडा जोड्ने झाझ खोलामा पुल, तरहरी-झझ पुल, कटहरिया-गुजारा खोलाको पुल, तरहरी खोला पुल, पिपरिया दोस्तियालगायतका दर्जनौं पुल समयमा निर्माण हुन सकेका छैनन् । पुल मात्रै होइन, अन्य आयोजनाको अवस्था पनि उस्तै छ । भारतीय दूतावासको सहयोगमा रौतहटको गौरको जुद्ध माविमा निर्माणाधीन छात्रावास निर्माणको काम दुई दशकदेखि ठप्प छ । यसले देखाउँछ नेपालमा अयोजनाको योजना बन्छ, बजेटमा पर्छ, तर समयमा बन्दैन । समयमा बनाउन नसकिने आयोजना किन अगाडि बढाउने ? अगाडि बढाएको आयोजना समयमा नबनाउनेलाई किन कारबाहीमा नल्याउने ? यो प्रश्नको जवाफ दिन कोही तयार छैन । किनभने शासन सत्तामा रहेकाहरू समेत आयोजनाको योजना बाँड्न तल्लिन छन्, योजना बनाउन तदारुकता देखाइरहेका छैनन् । समयमै आयोजना नबन्नुको कारण के हो ? धेरैले दिने जवाफमा बजेट अभाव भन्ने आउँछ । यदि यही समस्या हो भने सरकारले सक्ने काम गर्छु भनेर बजेट विनियोजन गर्नुपर्छ । होइन भने अन्यथा जवाफ दिएर उम्किन मिल्दैन । समयमा आयोजना नबन्नुको अर्को कारण समयमै बजेट कार्यान्वयन नहुनु पनि हो । बजेट आएपछि कार्यान्वयनमा जाने प्रक्रिया नै लामो छ । जेठ १५ गते आएको बजेट माघ, फागुन महिनामा गएर कार्यान्वयन सुरु गर्ने अभ्यासमा समस्या पार्दै आएको छ । यस्तो अभ्यासले एकातिर गुणस्तरहीन काम भइरहेको छ भने अर्कोतिर समयमै योजना सम्पन्न हुन सकिरहेको छैन ।

# उपेन्द्र यादव घेराबन्दीमा

**राजकरण महतो**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले शक्ति आर्जन गर्न फरक-फरक रणनीतिहरू अपनाएका छन् । एक : पार्टीलाई बलियो बनाउने । दुई : संयुक्त लोकतान्त्रिक मोर्चामार्फत पहिचान, अधिकार र संविधान संशोधन मागलाई शसक्त बनाउने । तेस्रो सरकारले संसद्बाट भूमि विधेक पारित गरे त्यसैको जगमा फेरि 'मधेस विद्रोह' चर्काउने । संयुक्त लोकतान्त्रिक मोर्चामै आबद्ध आधाभन्दा बढी दलहरू नयाँ मोर्चा गठनमा पनि हात बढाइरहेका छन् । यसले जसपा नेपालका अध्यक्ष यादवको रणनीति भत्काउने दाउमा छन् । मोर्चामा भएका दलहरू कहिले एउटै पार्टीमा त कहिले विद्रोह गरेर नयाँ पार्टी गठन गर्दै राजनीतिक यात्रामा अघि बढेको विगत छ । **उपेन्द्र यादवसँग रुष्ट भएकाहरूकै मोर्चामा बहुल्यता**

मोर्चाभित्रकै एउटा शक्तिशाली दल हो उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल । वर्ष दिनअघि पार्टी फुटबाट उपेन्द्र यादव निकै कमजोर भएका थिए । पार्टीका नेता अशोक राईले विद्रोह गरेर जनता समाजवादी पार्टी( जसपा) गठन गरेका थिए । त्यसपछि यादवले तत्कालीन माओवादी अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)को नेतृत्वको सरकारबाट बाहिरिएका थिए । प्रचण्डले पार्टी फुटाएको अध्यक्ष यादवको दाबी थियो ।

पार्टी फुटको घाउलाई बिर्सिन अध्यक्ष यादवलाई वर्ष दिन लाग्यो । उनी अहिले बिस्तारै तंग्रिँदै गएका छन् । पार्टी फुटको पीडाबाट उनी पहिलोपटक भने पीडित भएका होइनन् । गएको दुई दशकमा उनको नेतृत्वको तत्कालीन मधेसी जनअधिकार फोरम नेपाल-



जनता समाजवादी पार्टी नेपालसम्म आइपुग्दा थुप्रै पटक पार्टी फुटिसकेको छ । तर, पनि उनी पार्टी अध्यक्ष भने छोडेका छैनन् । यसैबाट चिढिएर न पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई साथमा रहे, न त महन्थ ठाकुर बसे, न त राजेन्द्र महतोले साथ दिए । यतिखेरि पार्टी फुटबाट लडेर धूलो टकटकाई उठेका उपेन्द्र यादवलाई घेराबन्दी गर्न खोजिँदै छ । आफ्नै पहलमा ६ महिनाअघि गठन भएको संयुक्त लोकतान्त्रिक मोर्चाभित्र अर्को नयाँ मोर्चा बियुँताउने खोल सुरु भएको छ । मोर्चाको एउटा घटक डा.सिके राउत नेतृत्वको जनमत पार्टी करिब करिब बाहिरिसकेका पार्टी प्रवक्ता शरद सिंह यादवले बताए । अर्को दलहरू भित्र-भित्र दाउ खोजिरहेका छन् । **गुमेको शक्ति फकाउने उपेन्द्र यादवको रणनीति**

२०६३-०६४ को मधेस आन्दोलनको राततापमा नेपाली राजनीतिमा उदाएका विद्रोही स्वभावका उपेन्द्र यादव यतिखेरि गुमेका शक्ति आर्जन गर्न भगीरथ प्रयास गरिरहेका छन् । तर, उनलाई सजिलो भने छैन । अध्यक्ष यादवले पार्टीको गविधिलाई सशक्त बनाउने देशव्यापी रूपमा आईटी सेल निर्माण गर्ने रणनीति अख्यिार गरेका छन् । यो प्रमुखको जिम्मेवारी महेश चौरसियालाई दिइएको छ । त्यसैगरी, पार्टी अध्यक्ष यादवले पार्टीका नेताहरू जिम्मेवारी बाँडफाँड गरेर पार्टीलाई बलियो बनाउन यतिखेर मैदानमा खटिएका छन् । सदस्यता नवीकरण, नयाँ सदस्यता प्रदान, कर्याकर्ता प्रशिक्षण, सबै तहको कमिटीको अधिवेशन गर्ने गरि अघि बढेको जसपा नेपालका महासचिव राम कुमार शर्माले बताएका छन् । वडा, स्थानीय तह र जिल्ला अधिवेशनबाट शक्ति आर्जन गर्दै, पार्टीलाई फुटबाट बचाउँदै अध्यक्ष उपेन्द्र यादवले आफ्नो पार्टीको प्रदेश अधिवेशन गर्न लागेका छन् । आउँदो भदौ २६, २७ र २८ गते सातै प्रदेशमा प्रदेश अधिवेशनका लागि मिति तोकिएको महासचिव शर्माको भनाइ छ । उनका अनुसार कोशी, मधेस, लुम्बीनी र बागमती प्रदेशमा प्रदेश अधिवेशनका सघन तयारी भइरहेको छ । अन्य तीन प्रदेशका संगठनात्मक संरचना कमजोर रहेकोले तोकिएकै मितिमा प्रदेश अधिवेशन हुनेमा टुंगो छैन । जसपा नेपाल देशको ७७ जिल्लामध्ये ४० जिल्लामा संगठनात्मक रूपमा बलियो छ । तर, अन्य ३७ जिल्लामा पार्टी संगठनात्मक संरचना कमजोर रहेको महासचिव शर्माको भनाइ छ । ती जिल्लाहरूमा संगठनलाई विस्तार गर्ने काम भइरहेको उनले बताए । संयुक्त लोकतान्त्रिक मोर्चामार्फत अध्यक्ष उपेन्द्र यादवले मधेस आन्दोलनका अधुरा रहेका पहिचान, अधिकार र संविधान संशोधनको मुद्दालाई पूरा गराउन संयुक्त लोकतान्त्रिक मोर्चा गठन गराएका थिए । त्यसमा पनि बिस्तारै फाटो आइरहेको छ । **उपेन्द्रको रणनीतिविरुद्ध अशोक, सिकेहरू...**

अध्यक्ष यादवलाई कमजोर बनाउन उनलाई छोडेर गएका पूर्वसहकर्मी तथा जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई पनि कम्मर कसेर लागेका छन् । २०७८ मा जनता समाजवादी पार्टीबाट विद्रोह गरेका राजेन्द्र महतो र अशोक राईले बिहीबार कार्यएकता गरेका छन् । महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी र राई नेतृत्वको जनता समाजवादी पार्टीले भविष्यमा पार्टी एकीकरण गर्ने उद्देश्यसहित पार्टी एकता गरेका राष्ट्रिय मुक्ति पार्टीका महासचिव केशव झाले बताए । संयुक्त लोकतान्त्रिक मोर्चाबाट बाहिरिएका सिके राउत नेतृत्वको जनमत पार्टी, महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी र राई नेतृत्वको जनता समाजवादी पार्टी र प्रभु साह नेतृत्वको आमजनता पार्टीले अर्को नयाँ मोर्चा बनाउने तयारीमा रहेको यी पार्टीका नेताहरूले बताएका छन् । सिके राउत र उपेन्द्र यादवबीच राम्रो सम्बन्ध छैन । राई र महतो त उपेन्द्र यादवको नेतृत्वदेखि असन्तुष्ट भएर विद्रोह गरेर पार्टी गरेका नेताहरू नै भए । यसले गर्दा पनि मोर्चाबाट शक्ति आर्जन गर्ने उपेन्द्र यादवको रणनीति फेल खाने उत्तिकै सम्भावना रहेको मोर्चाको नेताहरू

बाँकी तेश्रो पृष्ठमा

# अन्धाधुन्ध देशको भव्य उलार

**युग पाठक**

एउटा प्रकल्पना (हाइपोथेसिस) बाट कुरा थालौं । मानौं, विश्वव्यापी संकटको भुमरीले कम्तीमा ३० लाख नेपालीलाई आगामी दस वर्षभित्र नेपाल फिर्ता पठाउनेछ । तीमध्ये ९० प्रतिशत रेमिट्यान्स कमाउने सक्रिय उमेरका र रोजगारी भिसामै विदेशमा कार्यरत नेपाली हुनेछन् । अझै मानौं, उनीहरूमध्ये पचास प्रतिशतले वैदेशिक रोजगारीमा जान वा घरजग्गा किन्न वा युरोप/अमेरिका छिर्न लिएको ऋण तिरिसकेका हुने छैनन् । अब यो प्रकल्पनाका आधारमा मानस-मन्थन (ब्रेनस्टोर्मिङ) गरौं । त्यस्तो अवस्था एउटा स्वाभाविक परिस्थिति हुनेछ कि संकटग्रस्त स्थिति ? त्यत्रो ठूलो जनशक्तिले पठाउने रेमिट्यान्स अकस्मात् बन्द हुँदा कस्तो आर्थिक परिवेश सिर्जना होला ? ठूलो बेरोजगारी र त्यसको चक्रीय प्रभाव कस्तो होला ? खाद्यान्न संकट उत्पन्न होला कि नहोला ? ठूलो अंकमा रेमिट्यान्सको स्रोत सुक्दा व्यापार, व्यवसाय र बैंकिङ प्रणालीको हविगत के होला ? सरकारी ढुकुटीमा कस्तो धक्का लाग्ला ? के सरकारले सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य लगायतमा खर्च गर्न सक्ला ? सेना, प्रहरी, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी लगायतको तलब, पेन्सन के होला ? दैनिक जीवन स्वाभाविक रहला ? सामाजिक शान्ति सुरक्षा र अमनचैनको स्थिति के होला ?

यस्ता तमाम प्रश्नहरू सोच्न सकिन्छ । किनभने यस्तो परिघटनाका प्रभावहरू बहुआयामिक हुन्छन् र सबै आयामबाट प्रश्न सिर्जना नगरी परिस्थितिको आकलन गर्न सकिँदैन । मानौं वर्षैपिच्छे बढ्दो संख्यामा मानिसहरू फिर्ता हुने स्थिति बन्यो । त्यस्तो स्थितिमा राष्ट्रिय संकट पनि भूकम्पको स्केलझैं वर्षैपिच्छे झन्झन् पेचिलो र खतरनाक हुँदै जान्छ । कम्मरसम्म त डुबेको हो नि भनेर अर्को पाइला चाल्दा नचाल्दै अकस्मात् टुप्पीसम्म डुबिन्छ । हामी यस्तो बृहत्तर चुनौतीको सामना गर्न तयार छौं ? **यथार्थको कसी** के यो प्रकल्पना यथार्थ हुन सक्दैन ? यो पंक्तिकारले पटकपटक विभिन्न मिडिया, आन्दोलन र चुनावमार्फत कुनै पनि दिन यस्तै डरलाग्दो स्थिति आउन सक्ने सम्भावनाबारे छलफल चलाउन खोजेको थियो/छ । डोनाल्ड ट्रम्पको अमेरिकी प्रशासनले अपहरणको शैलीमा हजारौं मानिसलाई कब्जामा लिएर 'डिपोर्ट' गर्न थालेपछि भने नेपाली समाज पनि तरंगित भएको छ । अमेरिकी प्रशासनले थुप्रै नेपालीलाई पनि चोरडाँकुलाई जस्तो हत्कडीसहित सैनिक विमानमा लादेर त्रिभुवन विमानस्थलसम्म ल्याएर छाडिदियो । त्यो दृश्यले राष्ट्रिय लज्जा मात्र होइन, दुर्घटनाग्रस्त राष्ट्रिय भविष्यतर्फ पनि इंगित गर्छ । विश्व व्यवस्थामा व्यापक हेरफेर आइरहेको समय हो यो । अमेरिकी आर्थिक र सामरिक शक्तिको मियोमा घुमिरहेको विश्व व्यवस्था धराशायी हुने क्रममा छ । अमेरिकी राजनीतिशास्त्री जोन मियरसाइमरका शब्दमा, बहुध्रुवीय विश्वको उदयसँगै इतिहासले अमेरिकी नेतृत्वको ' उदारवादी अन्तर्राष्ट्रिय व्यवस्था' भत्किने नियति पनि तय गरिसकेको छ । ट्रम्पले मच्चाइरहेको भन्सार युद्ध (ट्यारिफ वार) होस् वा आप्रवासी खेद्ने अभियान, यी सबै विश्व व्यवस्था भत्किने क्रममा देखिएका केही आंगिक विस्फोटहरू हुन् । अन्तर्राष्ट्रिय प्रणाली नै उथलपुथल हुँदा विकसित दरिएका युरोप र अमेरिकी दुनियाँका राष्ट्रिय जीवनमा पनि अस्वाभाविक कम्पन पैदा भएको छ । उदारवाद, लोकतन्त्र र पुँजीवादी व्यवस्थामा आइलागेको संकटबारे पश्चिमा विश्व (ग्लोबल नर्थ) मा चलिरहेको विषद् बहस त्यसैको परिणाम हो । घरखेत बेचेर, मिटरब्याजमा ऋण लिएर हाम्रा युवा हाम्फाल्न आतुर देशहरू तिनै हुन् जहाँ एकपछि अर्को गर्दै भिन्नभिन्न अनुहारका ट्रम्पहरू सत्तासीन भइरहेका छन् । विश्वव्यापीकरणको दुनोट सिकाउन कथित विकासशील र अल्पविकसित देशहरूको सयर गर्दागर्दै उनीहरूकै देशमा राष्ट्रवादको खाँडो जागेको छ । आप्रवासीलाई लखेट्ने, नश्लभेदी र गोरा वर्चस्ववादी मुद्दाले चुनाव जितिरहेको छ । युरोपले जन्माए-हुर्काएको र असी वर्षदेखि अमेरिकी एकाधिकारमा चलेको उदारवादी दार्शनिक प्रणाली नाभीदेखि संकटग्रस्त भएको छ । राजनीतिक संकट वा सामरिक युद्ध जस्ता परिघटना बरु एउटा बिन्दुमा पुगेपछि टुंगिन्छन्, तर दार्शनिक प्रणालीको विघटनले बहुमुखी संकटहरूको सिलसिला नै लिएर आउँछ । रुस-युक्रेन युद्ध होस् वा इजरायल-इरान युद्ध, अमेरिका-चीन व्यापार युद्ध होस् वा इजरायलको गाजा नरसंहार, यी र यस्ता त्रासदीहरू भत्किँदो विश्व व्यवस्थाका केही छनकहरू मात्रै हुन् । अमेरिकी डलरको वर्चस्वलाई चीन, भारत, ब्राजिल, रुस जस्ता ग्लोबल साउथका उदीयमान शक्तिहरूले चुनौती दिने स्थिति बनेको छ । सन् २००८ को वित्तीय संकटले नै अमेरिकी (र, प्रकारान्तरले युरोपेली पनि) वित्तीय प्रणालीमाथि विश्वव्यापी अविश्वास र विद्रोहलाई प्रखर बनाइदिएको थियो । अफ्रिका महादेशले त क्रमशः अमेरिकी र युरोपेली वर्चस्वका विरुद्ध मुखर विद्रोह नै गरिरहेको छ । विद्यमान विश्व व्यवस्थाकै हिस्सा बनेर तेल अर्थतन्त्र निर्माण गरेको अरब दुनियाँ पनि आर्थिक, सामरिक प्रणालीको हिसाबले अब सुरक्षित रहेन । अमेरिकी छातामुनि फलेफुलेका जापानी र दक्षिण कोरियाली अर्थतन्त्र पनि बृहत् दबाबमा छन् । विश्व व्यवस्था नै विस्फोटको संघारमा पुगेका बेला हामी के गरिरहेका छौं ? देशको रूपमा, एउटा समाजको हिसाबले, परिवारको हैसियतले वा व्यक्तिगत स्तरमा हामी भविष्यको आकलन कसरी गरिरहेका छौं ? हाम्रा युवाको सपनाको देश नेपाल होइन र जुन धर्तीलाई सपनाको मुलुक ठानेको

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्पद्वारा पुटिनलाई मेलानियाको “शान्ति पत्र” हस्तान्तरण

*काठमाडौं,०१ भदौ ।*




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अलास्कामा भएको शिखर सम्मेलनका क्रममा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई आफ्नी पत्नी, प्रथम महिला मेलानिया ट्रम्पले लेखेको पत्र हस्तान्तरण गरे । पत्रमा बालबालिकाहरूको नाममा शान्तिको आह्वान गरिएको छ । शनिबार प्रथम महिलाको कार्यालयले फक्स न्युजमा प्रकाशित उक्त पत्र पुनः पोस्ट गरेको थियो । यो ट्रम्प-पुटिन बैठक सफल नबनेको भोलिपल्ट सार्वजनिक गरिएको हो । फक्स न्युजका अनुसार, ट्रम्पले पुटिनलाई पत्र बुझाएपछि दुवै पक्षका प्रतिनिधिमण्डलहरूको उपस्थितिमा उनले तुरुन्तै पढे । पत्रमा लेखिएको छ- “आजको संसारमा, धेरै बालबालिकाहरू आफ्नै वरपरको अन्धकारबाट अछुतो भएर पनि शान्त हाँसो बोकेर बस्न बाध्य छन् । श्रीमान् पुटिन, तपाईंले मात्र उनीहरूको त्यो मधुर हाँसो पुनः फर्काउन सक्नुहुन्छ । निर्दोष बालबालिकाको रक्षा गर्नु भनेको केवल रुसको मात्र सेवा होइन, मानवताको सेवा पनि हो ।”“यो एक साहसी विचार हो, जसले सबै विभाजनलाई पार गर्दछ । तपाईं कलमको एउटा प्रहारसँगै यसलाई व्यवहारमा उतार्न सक्नुहुन्छ । यो समय हो”, पत्रमा भनिएको छ ।

ट्रम्पले यसअघि स्लोभेनियामा जन्मेकी मेलानियाले पुटिनबारे आफ्नो दृष्टिकोण परिवर्तन गर्न मद्दत गरेको बताएका थिए । उनले सम्झँदै भनेका थिए, “म घर गएर प्रथम महिलालाई भनें, ‘आज म भ्लादिमिरसँग कुरा गरेर आएँ, धेरै राम्रो कुराकानी भयो ।’ अनि उनले जवाफ दिइन्, ‘ओहो साँच्चै ? अर्को सहर त अहिले मात्रै आक्रमणमा पर्‍यो ।’’ ट्रम्पले आफ्नो दोस्रो कार्यकाल सुरु गर्दा नै २४ घण्टाभित्र युक्रेन युद्ध अन्त्य गर्ने वाचा गरेका थिए । तर महिनौं बित्दा पनि सम्झौता नहुँदा उनले निराशा व्यक्त गरेका थिए ।

अलास्कामा शिखर सम्मेलनअघि उनले यदि रुसले युद्धविराम स्वीकार नगरे ‘गम्भीर परिणाम’ हुनेछ भनी चेतावनी दिएका थिए । तर पुटिनसँग भेटपछि उनले भनिरहेका थिए, “सबैभन्दा राम्रो उपाय भनेको सिधै शान्ति सम्झौतामा पुग्नु हो ।” पुटिनले भने लामो समयदेखि अन्तिम शान्ति सम्झौतामार्फत वार्ता गर्नुपर्ने तर्क गर्दै आएका छन् । तर युक्रेन र युरोपेली सहयोगीहरूले यसलाई रुसको युद्धलाई अझै लम्ब्याउने रणनीति भन्दै आलोचना गरेका छन् ।

## सन् २०३६ अघि शुक्र ग्रह भ्रमण गर्ने रुसको योजना

*काठमाडौं,०१ भदौ ।*



रुसले आफ्नो भेनेरा-डी अन्तरग्रहीय मिसनमार्फत सन् २०३६ भन्दा अघि शुक्र ग्रहलाई पुनः भ्रमण गर्ने योजना बनाएको छ । यसका लागि तयारी कार्यहरू सुरु भइसकेको स्थानीय मिडियाले आइतबार जनाएको छ । यो परियोजना अब देशको नयाँ राष्ट्रिय अन्तरिक्ष कार्यक्रमको हिस्सा हो । स्पेस रिसर्च इन्स्टिच्युट (आईकेआई) का ग्रह भौतिक विज्ञान विभाग प्रमुख ओलेग कोराबलेभका अनुसार प्रारम्भिक डिजाइन कार्य सन् २०२६ जनवरीबाट सुरु हुनेछ । मस्यौदा डिजाइन चरण पूरा गर्न करिब दुई वर्ष लाग्ने अनुमान गरिएको छ । यस अवधिमा विभिन्न समन्वय बैठकहरू हुने र लाभोच्किन एसोसिएसनसहित रूसी अन्तरिक्ष उद्योगका अन्य संस्थासँग सहकार्य गरेर प्रगतिलाई अघि बढाइने उनले बताए । कोराबलेभका अनुसार डिजाइन चरण सकिएपछि प्रक्षेपणको मिति निर्धारण गरिनेछ । उनले भने, ‘तर यो निश्चय नै हालको योजना अवधिभित्र हुनेछ, सन् २०३६ भन्दा पछि होइन ।’ भेनेरा-डी मिसनमा ल्यान्डर, बेलुन प्रोब र कक्षीय अन्तरिक्ष यान रहनेछ । यस वर्षको सुरुआतमा आइकेआईका वैज्ञानिक निर्देशक लेभ जेलेनीले पनि यो मिसन सन् २०३४ वा सन् २०३५ अघि प्रक्षेपण हुने सम्भावना कम रहेको बताएका थिए ।

## चीनमा आएको आकस्मिक बाढीका कारण ८ जनाको मृत्यु

*काठमाडौं,०१ भदौ ।*



चीनको मंगोलिया क्षेत्रमा आएको आकस्मिक बाढीले आठ जनाको ज्यान गएको छ भने चार जना अझै बेपत्ता रहेका छन् । चिनियाँ सरकारी सञ्चार माध्यमका अनुसार यो घटना शनिबार राति करिब १० बजे भएको हो । उराद रियर ब्यानर भन्ने ठाउँमा १३ जनाको एउटा समूह खुला ठाउँमा डेरा जमाइरहेको बेला अचानक बाढी आएको थियो । घटनापछि एक जनालाई जीवितै उद्धार गरिएको छ भने अन्य चार जनाको खोजी कार्य अझै जारी रहेको छ । सरकारले उद्धार प्रयासलाई तीव्र बनाउने आदेश दिएको छ र बेपत्ताहरूको अवस्थाबारे पुष्टि गर्न एक विशेष टोली घटनास्थलमा पठाइएको छ । चीनमा गर्मी महिनामा यस्ता प्राकृतिक प्रकोपहरू बारम्बार देखिने गर्छन् । केही स्थानहरूमा अत्यधिक वर्षा हुने गर्छ भने अन्य ठाउँमा गर्मीले समस्या उत्पन्न गर्छ । यसअघि पनि अगष्टको सुरुवातमा उत्तरपश्चिम चीनमा आएको बाढी र पहिरोका कारण कम्तीमा १३ जनाको मृत्यु भएको थियो । गत महिना राजधानी बेइजिङमा परेको भारी वर्षाले ४४ जनाको ज्यान लिएको थियो र छिमेकी हेबेइ प्रान्तमा पहिरोमा ८ जनाको मृत्यु भएको थियो ।


गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको
कार्यालय, पर्सा


### उपेन्द्र यादव घेराबन्दी........

बताउँछन् । यता मोर्चा आबद्ध नेताहरूले अर्को मोर्चा गठन गर्ने तत्काल कुनै सम्भावना नरहेको दाबी गर्छन्। जनमत पार्टीका प्रवक्ता शरत सिंह यादवले संयुक्त लोकतान्त्रिक मोर्चाबाट करिब करिब बाहिरिए पनि नयाँ मोर्चा बनाउनेतर्फ कुनै छलफल नभएको बताए । उनले भने, ‘नयाँ मोर्चा बनाउनेबारे पार्टीभित्र कुनै छलफल भएको मलाई थाहा छैन । अध्यक्षजी देशबाहिर हुनुहुन्छ। उहाँ आएपछि पार्टीको नयाँ गतिविधिबारे छलफल गर्छौं । ’ यता राष्ट्रिय मुक्ति पार्टीका महासचिव झाले तत्काल संयुक्त लोकतान्त्रिक मोर्चाबाहेक अरू मोर्चा बनाउन कुनै तयारी नरहेको सुनाए । आम जनता पार्टीका प्रवक्ता चन्द्रभुषण साहले आफ्नो पार्टी तत्काल कुनै मोर्चा, कार्यगत एकताको पक्षमा रहेको दाबी गरे । उनले भने, ‘ हामी दल तन्त्रको विरुद्धमा छौं । ’ समान विचार, एजेन्डा र सिद्धान्त भएका साना पार्टीहरू लामो समय पछि एउटै मोर्चामा आबद्ध भएपछि ठूलो राजनीतिक दल कांग्रेस, एमाले र माओवादी झस्किएका थिए । मोर्चालाई फुटाउन ठूलो दलहरूले नयाँ कार्ड प्रयोग गरेको राजनीति वृत्तमा चर्चा छ । विगतलाई फर्केर हेर्दा पहिचान, अधिकारको एजेन्डा बोक्ने मधेसवादी दलहरूलाई मन्त्री पदको प्रलोभनमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चादेखि पार्टी नै फुटाएका तमाम उदाहरणहरू छन् । साभार ईकान्तिपुर ।

### विकराल बन्दै विद्यार्थी.........

छ त्यहाँ पनि घृणायोग्य आप्रवासी ठहरिने स्थिति छ । अमेरिकामै कैयौं नेपाली लुकेर, चन्दा उठाएर बाँच्नुपर्ने स्थितिमा पुगेको कथा सार्वजनिक भइरहेका छन् । अर्थात् हामी तेज रफ्तारमा दुर्घटनातिर हुइँकिरहेको संकेत जताततै छ । तर हाम्रो राज्य र समाजको मस्तिष्कमा कुनै बत्ती बलेको छ त ? **अन्धाधुन्ध मुलुक** भर्खरै सरकारले ल्याएको १९ खर्ब ६४ अर्बको बजेटले मुलुकलाई कुनै दिशानिर्देश गर्छ ? सरकार चलाउन र ऋण तिर्नमै ८० प्रतिशत भाग लगाएको बजेटले अर्थतन्त्रलाई कुनै अभियानमा हिँडाउन खोज्छ त ? भविष्यको कुनै आकलन र परिकल्पना समाजलाई दिन्छ ? बजेट त एउटा दृष्टान्त मात्रै हो, हाम्रो राष्ट्रिय जीवन नै अन्धाधुन्ध र टालटुले परम्परामा टिकेको छ । ‘जे पर्छ त्यही टर्छ’ नै हाम्रो सिद्धान्त हो । साभार ईकान्तिपुर ।

### अस्पतालको सूचना दिने......

नराम्रो हुने धम्की दिएको बताउँदै पाण्डेले आफूले प्रादेशिक अस्पताल गौरका मेडिकल सुपरिटेन्डेन्ट डा. मुरारी ठाकुर, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अनवर हासमी र जिल्ला प्रहरी कार्यालयमा फोन गरेर जानकारी गराउन गराएको बताए । अस्पतालमा डिउटीमा रहेका प्रहरी हवलदारलाई पनि जानकारी गराएको उनको भनाइ छ । सोही विषयलाई लिएर चिकित्सकका मानिसहरुले “तिमीले डाक्टर साहेबको बारेमा धेरै कम्प्लेन गरेका रहेछौ” भन्दै साउन २६ मा निर्घात कुटपिट गरेको दाबी पाण्डेको छ । पाण्डेले सम्बन्धित निकायमा जानकारी गराउँदै उल्टै कुटाइ खानु परेको छ ।

### “सुबोध स्मृति पत्रकारिता....

१५ हजार रुपैयाँसहित सम्मानित गरिएको छ । कार्यक्रममा प्रतीक दैनिकका कर्मचारी श्यामजी प्रसाद गुप्तालाईपनि नगद ५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको प्रतीक दैनिकका उपसम्पादक आरके पटेलले जानकारी दिए । यस्तै स्तम्भाकर अनन्तलाल दासलाई पनि दोशल्ला ओढाएर सम्मानित गरिएको थियो । प्रतीक प्रकाशन समुहकी अध्यक्ष विन्दु शर्माको अध्यक्षता तथा बीरगन्ज महानगरका मेयर राजेशमान सिंहको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रतीक दैनीकका प्रधान सम्पादक जगदीश शर्मा, स्व । सुबोध सिंहका दाजु सुदर्शन सिंह, मधेस विश्वविद्यालयका उपकूलपति प्रा.डा .दीपक शाक्य, पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, प्रहरी उपरीक्षक गौतम मिश्र, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम,पर्सा बार एशोसियसनका अध्यक्ष रामनारायण कुर्मी,राजेन्द्र कोइराला ,श्याम पोखेल लगायतकाकोपनि उपस्थिती थियो ।

### बलात्कार आरोपमा.............

पीडितले दिएको उजुरी इलाका प्रहरी कार्यालयमा दर्ता नभएपछि उच्च अदालतमार्फत परमादेश ल्याउनुपरेको थियो । त्यसपछि मात्रै प्रहरी कार्यालय सखुवा महेन्द्रनगरले जाहेरी दर्ता गरेको हो ।

### जनताको पक्षमा छैनन्.........

कम्युनिष्ट भए पनि व्यवहारमा पुँजीवादी र अवसरवादी रहेको उनको दाबी छ । माओवादीलाई सशस्त्र युद्ध र जनआन्दोलनमार्फत सत्तामा पुगे पनि वर्गीय र राष्ट्रिय सवालमा सम्झौता गर्दै प्रतिक्रियावादी शक्तिमा परिणत भएको आरोप उनले लगाए । त्यसैगरी, मधेशी दलहरूले २०६३र०६४ को मधेश आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेले पनि अहिले सत्तामा मात्रै सीमित भएको र मधेशी जनताका वास्तविक मुद्दा उठाउन असफल भएको उनले बताएका छन् ।

### बीरगन्ज बालसुधार...........

विपिन उपाध्यायले तालिममा सजावटी मैनबत्ति बनाउने तरिका, विभिन्न ढाँचाहरू तयार गर्ने, रंग संयोजन, मोम पगाल्ने प्रविधि जस्ता सीपहरू सिकाइएको जानकारी दिए । तालिमको समापन समारोहमा प्रकाश प्रोजेक्टकी संयोजक शुश्मा गौतम, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी प्रमुख निरोज चौलागाईं, सानोपाइला संस्थाका कार्यक्रम संयोजक राजकुमार तामाङ, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रमुख एसपी गौतम मिश्र, नेपाल इनोभेटिभ सोसाइटी वीरगञ्जका अध्यक्ष कमल चौगाई, क्वेष्ट फर्माका उमेश श्रेष्ठ, राष्ट्रिय समाचार समिति र अन्य स्थानीय प्रतिनिधिहरूको समेत उपस्थिती रहेको थियो ।

# स्वास्थ्य

## गर्भवती भएको कसरी थाहा पाउने ?




दम्पतीबीच नियमित शारीरिक सम्बन्ध भइरहेका बेला जब श्रीमतीको महिनावारी समयमा नभएर रोकिन्छ, त्यो गर्भावस्थाको पहिलो सूचक हुनसक्छ । यो सूचकले सन्तानको आकांक्षा राखिरहेका दम्पतीको मनमा नयाँ आशा र उत्साह जगाउँछ । तर, केवल महिनावारी रोकिनु मात्र गर्भ पुष्टि गर्न पर्याप्त हुँदैन । गर्भ रहँदा महिलाको शरीरमा विभिन्न प्रकारका परिवर्तन र लक्षण देखा पर्छन्, जसले गर्भ रहेको अनुमान गर्न सजिलो बनाउँछ । यद्यपि, ती लक्षणहरू कहिलेकाहीँ अत्यन्त सामान्य लाग्न सक्छन् वा अस्पष्ट हुन सक्छन्, जसकारण महिलाले आफू गर्भवती भएको थाहा नपाउन सक्छिन्।त्यसैले,विशेषगरी सन्तानको योजना बनाइरहेका दम्पतीहरूले यस्ता लक्षणहरू देखिएमा सजग रहनु आवश्यक हुन्छ । समयमै जानकारी नहुँदा वा जाँच नगर्दा केही अवस्थामा स्वास्थ्यमा जटिलता आउन सक्छ । कुनै पनि असामान्य लक्षण देखिएमा ढिलाइ नगरी गर्भ परीक्षण गर्नु बुद्धिमानी हुन्छ ।

**के कस्ता लक्षण देखिन्छन् ?**

गर्भावस्था शुरु भएसँगै शरीरले विभिन्न संकेत र लक्षणहरू देखाउन थाल्छ । यी लक्षणहरू हरेक महिलामा फरक-फरक हुन सक्छन् ।

**महिनावारी रोकिनु**

गर्भ रहेको पहिलो संकेत हो, महिनावारी समयमा नहुनु । नियमित महिनावारी हुने महिलाहरुले आफ्नो मिति कट्दा पनि नभए पछि गर्भ रहेको शंका गर्न सक्छन् । यो दम्पतीका लागि सुखद् समाचारको पहिलो संकेत हुन सक्छ । तर, अनियमित महिनावारी हुने महिलाहरूले यो संकेतमा मात्र भर पर्नुहुँदैन । उनीहरूले अन्य लक्षणहरूमा ध्यान दिनुपर्छ । किनभने अनियमित महिनावारीले गर्भावस्थाको पुष्टि गर्न गाह्रो बनाउन सक्छ ।

**स्तनमा परिवर्तन आउनु**

छाती पहिलेभन्दा बढी संवेदनशील हुन्छ । आकारप्रकार तुलनात्मक रुपमा ठूलो हुनु, हिँड्दा वा भर्‍याङ तलमाथि गर्दा दुखाइ हुनु, स्तन कस्सिएको अनुभव हुने जस्ता लक्षण गर्भवती भएमा देखिन्छ । निप्पलको वरपरको क्षेत्र गाढा हुँदै जान्छ । यी परिवर्तनहरू प्रायः गर्भ बसेको पहिलो हप्तादेखि नै शुरू हुन्छन् ।

**थकान तथा कमजोरी**

गर्भावस्थाको अर्को लक्षण हो, थकान र कमजोरी अनुभव हुनु । प्रोजेस्टेरोन र एस्ट्रोजन हर्मोनको असन्तुलनले गर्दा शरीर आलश्य हुने र एकैछिनमा गल्ने हुनसक्छ । कतिपय महिलामा यो लक्षण लगातार गर्भ रहेको तीन महिनासम्म देखिनसक्छ । **वाकवाकी लाग्नु** प्राय गर्भवती महिलामा देखिने लक्षणमा बिहान-बिहान वाकवाकी लाग्नु पनि एक हो ।

# परराष्ट्र मन्त्री आरजु राणा देउवाको राजीनामा माग्दै ज्ञानेन्द्र शाही

**काठमाडौं,०१ भदौ ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवक्ता तथा प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले परराष्ट्र मन्त्री डा. आरजु राणा देउवाको राजीनामा माग गरेका छन् । इजरायलमा हमासको बन्धकमा परेका नेपाली नागरिक विपिन जोशीको उद्धारमा सरकार र परराष्ट्र मन्त्रालय सक्रिय नदेखिएको आरोप लगाउँदै शाहीले मन्त्रीको भूमिकामाथि गम्भीर प्रश्न उठाएका हुन् । शाहीले सामाजिक सञ्जालमार्फत परराष्ट्र मन्त्री र मन्त्रालयका कर्मचारीप्रति तीव्र आक्रोश व्यक्त गर्दै कूटनीतिक ज्ञानको अभाव, नागरिकको जीवन रक्षा गर्न असमर्थता र विदेशमा पीडामा परेका नेपालीप्रति उदासीनतामा मन्त्रीको राजीनामा अपरिहार्य भएको टिप्पणी गरेका छन् । "नागरिकको जीवन रक्षा गर्न नसक्ने, दुःखमा




परेका परिवारलाई सहयोग गर्न नसक्ने परराष्ट्र मन्त्रीलाई पदमा बसिरहन कुनै औचित्य छैन," शाहीले लेखेका छन् । उनले विशेषगरी विपिन जोशीको परिवार–आमा र बहिनी–को बिचल्लीमा सरकारको निष्क्रियता अस्वीकार्य भएको उल्लेख गर्दै तत्का ठोस कदम चाल्नुपर्ने माग गरे । शाहीको मागले विपिन जोशीको उद्धारप्रति दबाब बढाएको छ भने परराष्ट्र मन्त्रालयको कार्यसम्पादनबारे थप प्रश्न उठाएको छ ।

उनका अनुसार "विदेशमा समस्यामा परेका नेपालीको सुरक्षा सुनिश्चित गर्नु राज्य र परराष्ट्र मन्त्रालयको प्राथमिक दायित्व हो, त्यसमा असफल हुने मन्त्री वा कर्मचारीलाई पदमा बसिरहन कुनै औचित्य छैन ।"

# रोई कराईले यो सरकार ढल्दैनः अर्थमन्त्री पौडेल

**काठमाडौं,०१ भदौ ।**

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले एमाले-कांग्रेस गठबन्धन सरकार २०८४ सालको आम निर्वाचनसम्म निरन्तर रहने दाबी गरेका छन् । पाल्पामा आयोजित पत्रकार सम्मेलनमा उनले प्रतिनिधि सभाको अंकगणितीय समीकरणले सरकारलाई स्थिरताको ग्यारेन्टी दिने उल्लेख गर्दै भने, "कसैले चाहेर, रोई कराई गरेर वा नानाथरी बोलेर यो सरकार ढल्ने अवस्था छैन ।" अर्थमन्त्री पौडेलका अनुसार राजावादी प्रवृत्ति, एजेण्डाविहिन खहरेखोला राजनीति र प्रमुख प्रतिपक्षीको सत्ता लिप्साजस्ता अस्थिरताका कारण अहिले देश



विकासमा बाधा आइरहे पनि ती सबै चुनौती अब किनारामा पुगेका छन् । "जनतालाई भ्रममा पार्ने र व्यवस्थाविरोधी आवाज उठाउनेहरूको कुनै भविष्य छैन," उनले जोड दिए । अर्थमन्त्री पौडेल पाल्पामा आयोजित रणउजेश्वरी भगवतीको रथयात्रामा सहभागी हुन पुगेका थिए ।

# प्रहरी जनताको सेवक हो, शासक होइन : प्रधानमन्त्री ओली

**जनकपुर,०१ भदौ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रहरीलाई शासन गर्ने हैसियतमा होइन, जनताको सेवकका रूपमा काम गर्न निर्देशन दिएका छन् । मधेश प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवन उद्घाटन गर्दै आइतबार जनकपुरधाममा आयोजित कार्यक्रममा ओलीले प्रहरी संगठनलाई सुशासन, शान्ति र सुरक्षाको बलियो आधार बनाउन आग्रह गरे । "प्रहरीले कसैलाई जबरजस्ती फसाउने, यातना दिने वा झूटो मुद्दा हाल्ने परम्परा अब समाप्त हुनुपर्छ । लोकतन्त्रमा जनता नै सर्वोच्च हुन्छन्," उनले चेतावनी दिए । प्रधानमन्त्री ओलीले अराजकता फैलाउने र आफूलाई नयाँ शक्ति भन्दै भ्रामक प्रचार गर्ने तत्वविरुद्ध प्रहरी सतर्क रहनुपर्ने बताए । उनले



भने, "लोकतन्त्रको नाममा समाजमा भ्रम छर्ने र विखण्डन गर्ने प्रवृत्तिलाई देशले चिनेको छ, अब समाजले पनि त्यसको प्रतिकार गर्नुपर्छ ।" उनले नेपाली सेनाले राष्ट्रको सुरक्षा गर्दै आएको उदाहरण दिँदै, नेपाल प्रहरीले पनि ईमानदारी र दक्षताका साथ अपराध नियन्त्रण र जनताको सुरक्षामा समर्पित हुनुपर्नेमा जोड दिए । देशमा बढ्दै गएका चोर ी-डकैती, लागुऔषध दुरुपयोग, तस्करी र मानव ओसारपसार जस्ता चुनौतीप्रति ध्यानाकर्षण गराउँदै प्रधानमन्त्री ओलीले प्रहरी संगठनलाई अझै जिम्मेवार र गम्भीर ढंगले काम गर्न निर्देशन दिए ।

# चितुवा नियन्त्रण नभएसम्म शव नबुझ्ने पीडित परिवारको अडान

**बर्दिया,०१ भदौ ।**

बर्दियाको गुलरिया नगरपालिका-१२ भैंसाहीमा चितुवाको आक्रमणमा परी ज्यान गुमाएकी ४५ वर्षीया जगतरानी थारुको शव आफन्तले बुझ्न अस्वीकार गरेका छन् । उनीहरूले समस्याग्रस्त चितुवा नियन्त्रणमा लिएपछि मात्र शव बुझ्ने अडान राख्दै आइतबार जिल्ला प्रशासन कार्यालय घेराउ गरेका हुन् । शुक्रबार साँझ धान गोडिरहेका बेला चितुवाले थारुमाथि आक्रमण गरी उखुबारीसम्म तानेर टाउको र शरीर अलग-अलग पारेको अवस्थामा शव शनिबार फेला परेको थियो । मृतकको शव हाल बर्दिया अस्पतालमा राखिएको छ । आतङ्क मच्चाइरहेको चितुवाले फेरि आक्रमण गर्ने खतरा भएकाले गाउँ त्रासमा रहेको छ । विद्यालय जाने




बालबालिकासमेत असुरक्षित भएको भन्दै स्थानीयवासीले प्रशासनलाई तत्काल कदम चाल्न दबाब दिएका छन् । गुलरिया-१२ का वडाध्यक्ष रामकुमार थारुले सातबुँदे मागसहित प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको बताए । मागमा मृतक परिवारलाई कानुनअनुसार क्षतिपूर्ति दिनु, समस्याग्रस्त चितुवालाई तत्काल नियन्त्रणमा लिनु, कम्तीमा १० वटा केजको व्यवस्था गर्नु र चितुवा नियन्त्रण नलिएसम्म शव नबुझ्ने अडान रहेका छन् । डिभिजन वन कार्यालयका सूचना अधिकारी रामकुमार चौधरीका अनुसार घटनास्थल वरिपरि चितुवा नियन्त्रणका लागि एउटा केज राखिएको छ ।

# निजी क्षेत्रलाई दिएर भए पनि गौतमबुद्ध विमानस्थल सञ्चालन गर्नुपर्छ

**काठमाडौं,०१ भदौ ।**

रुपन्देहीस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा नआएको तीन वर्ष बित्दा स्थानीय सरोकारवाला, उद्योगी-व्यवसायी र नागरिक समाजले गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनीहरूले आवश्यक परे अन्तर्राष्ट्रिय स्तरमै ठेक्का आह्वान गरेर भए पनि निजी क्षेत्रलाई जिम्मा दिई विमानस्थल सञ्चालन गर्नुपर्ने माग गरेका छन् । शनिबार सिद्धार्थ उद्योग वाणिज्य संघले आयोजना गरेको छलफल कार्यक्रममा स्थानीय निकायका प्रमुखदेखि उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरूले सरकारको उदासीनता र तीनै तहका सरकारबीचको समन्वय अभावका कारण विमानस्थल थन्किएको आरोप लगाए । सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले भने, "एउटा सरकार तातेर मात्र विमानस्थल चल्दैन, तीनै तहका सरकारले मिलेर लुम्बिनीको ब्रान्डिङ गर्नुपर्छ । सक्दैन भने निजी क्षेत्रलाई जिम्मा दिनुपर्छ ।" नेपाल उद्योग वाणिज्य महासंघका सदस्य



राजेशकुमार अग्रवालले स्थानीय बासिन्दाले घरजग्गा, होटल र व्यवसायमा अर्बौं रुपैयाँ लगानी गरेको तर विमानस्थल नचले सम्पूर्ण क्षेत्र प्रभावित भएको बताए । "सक्छ सरकार चलाओस्, सक्दैन भने निजी क्षेत्रलाई दिएर भए पनि तत्काल सञ्चालन गर्नुपर्छ," उनको भनाइ छ । विमानस्थल सञ्चालनमा ढिलाइ हुँदा होटल व्यवसायीहरू बैंकको लिलामीमा चढ्न थालेको गुनासो गरिएको छ । सिद्धार्थ होटल संघ नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठका अनुसार अहिलेसम्म आठ वटा होटल बैंकले लिलामी गरिसकेको छ । उनले थपे, "विमानस्थललाई लक्ष्य गरेर ४ देखि २५ करोडसम्म लगानी गरेका व्यवसाय सबै संकटमा परेका छन् ।" पर्यटन व्यवसायीहरूले विमानस्थलमा दक्ष कर्मचारीको अभाव, सुरक्षा ग्यारेन्टी नहुनु, एयरलाइन्सका मापदण्ड पूरा नहुनु र कनेक्टिभिटी कमजोर हुनुजस्ता कारणले अन्तर्राष्ट्रिय उडान नियमित नभएको बताए । यसअघि जजिरा र थाई एयर एसियाले केही महिना उडान गरे पनि स्थायित्व

बाँकी तेश्रो पृष्ठमा⇨

# विदेश जाने यात्रु अब एक घण्टा अगाडि अध्यागमनमा पुग्नुपर्ने

**काठमाडौं,०१ भदौ ।**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेश जाने यात्रुहरूका लागि नयाँ नियम लागू भएको छ । अबदेखि यात्रुले उडान समयभन्दा कम्तीमा एक घण्टा अगाडि नै अध्यागमन जाँच डेस्कमा पुगिसक्नुपर्ने भएको छ । अध्यागमन विभागले यो निर्णय विशेषगरी रातिको समयमा हुने यात्रुको अत्यधिक चापलाई व्यवस्थापन गर्न र कागजात जाँच प्रक्रियालाई सहज बनाउन गरेको हो । महानिर्देशक रामचन्द्र तिवारीका अनुसार, अन्तिम समयमा यात्रुको भीड हुँदा जाँच गर्न समस्या हुने भएकाले यो नियममा कडाइ गरिएको हो ।

यो व्यवस्था विशेषतः खाडी मुलुक जाने यात्रुहरूका लागि लक्षित गरिएको हो, जहाँ राति धेरै उडानहरू हुन्छन् ।

यससम्बन्धी निर्णयका लागि अध्यागमन विभागले विमानस्थलमा कार्यरत एयरलाइन्स र अन्य सरोकारवाला निकायहरूसँग छलफल गरेको थियो । यसअघि, विमानस्थल अध्यागमनमा भिजिट भिसामा हुने अवैध गतिविधि र असुलीका घटनाहरूबारे अख्तियारले छानबिन गरेको थियो ।

ती समस्याहरूलाई नियन्त्रण गर्न गृह मन्त्रालयले नयाँ नेतृत्व पठाएको थियो । नयाँ व्यवस्थाले अध्यागमन सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन मद्दत गर्ने विश्वास गरिएको छ ।

# वैशाखदेखि हालसम्म विपद्का दुई हजार ८५३ घटना

**काठमाडौं,०१ भदौ ।**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गत वैशाखदेखि साउन ३१ गतेसम्म देशभर कुल दुई हजार ८५३ वटा विपद्का घटना भएको जनाएको छ । ती घटनामा परेर एक सय २६ जनाको मृत्यु भएको छ भने पाँच सय ८५ जना घाइते भएका छन् । प्राधिकरणका अनुसार विपदमा परेर २३ जना बेपत्ता हुँदा पाँच हजार ४१ परिवार प्रभावित भएका छन् । देशभर बाढीका दुई सय १६, पहिरोका तीन सय १७, भारी वर्षाका दुई सय २१, चट्याङका दुई सय ४५, सर्पदंशका ७७ घटना घटेका छन् । त्यसैगरी, आगलागीका एक




हजार ११४, डढेलोका एक सय ५८, हुरीबतासका दुई सय ७७, जनावर आक्रमणका एक सय ७२, लेक लागेको ४६, भूकम्पका पाँच, डुङ्गा पल्टेर दुई, असिना हुरी र अन्यका एक-एकवटा विपद्का घटना घटेका छन् । प्राधिकरणका अनुसार साउन ३१ गते मात्र आगलागीका सात, बाढीका एक, पहिरोका आठ, अविरल वर्षाका चार, जनावर आक्रमणका तीन घटना घटेका छन् । विपदमा परेर एक जनाको ज्यान गएको छ । अनुमानित क्षति ३८ लाख ४० हजार रुपैयाँ बराबर भएको छ ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा